# बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि

प्रस्तावनाः- प्रदेश सरकारले संवत् २०७६ साल साउन १ गते वा सो मितिपछि जन्मिएका कर्णाली प्रदेशका छोरीहरु आर्थिक सामाजिक सुरक्षाको लागि प्रदेश भित्र बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि कार्यविधि आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुवैलाई सम्झनुपर्छ र सो शब्दले धर्मबाबु वा धर्मआमा वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्ति समेतलाई जनाउँदछ।

(ख) "कार्यक्रम" भन्नाले बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) "खातावाला" भन्नाले बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत खाता खोलिएको छोरीलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रदेश राजधानी" भन्नाले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "सम्झौता" भन्नाले सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संस्था बीच भएको सम्झौतालाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित स्थानीय तह" भन्नाले खातावालाको स्थायी बसोवार रहेको गाँउपालिका वा नगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) "संरक्षक" भन्नाले अभिभावक विहीन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनुपर्छ र सो शव्दले व्यक्ति संरक्षक भएकोमा त्यस्ता व्यक्ति समेतलाई जनाउनेछ।

(ञ) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त गरी कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहमा शाखा कार्यालय रहेको वाणिज्य बैंक वा स्थानीय तहले बैङ्किङ्ग कारोवार गरिरहेको बैङ्कलाई सम्झनु पर्छ।

सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner

परिच्छेद-२

## बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम

३. कार्यक्रममा आवद्ध हुने: (१) संवत् २०७६ साल श्रावण १ गते वा सो मितिभन्दा पछि जन्मेका छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी आफू बसोवास गरिरहेको स्थानीय तहमा अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुर्‍याइ कार्यक्रम अन्तर्गत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची -२ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नंबर सहितको विबरण अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) संवत् २०७६ साउन १ गते वा सो मितिपछि जन्मिएका छोरीलाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तव्य हुनेछ।

(५) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा वैकल्पिक स्याहारमा आश्रित रहेका नवजात छोरीलाई कार्यक्रममा आवद्ध गर्नु त्यस्तो संस्थाका प्रमुख वा संरक्षकको कर्तव्य हुनेछ।

४. प्रदेश सरकारले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुने: (१) संवत् २०७६ साल साउन १ गते वा सो मितिपछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई कार्यक्रम अन्तर्गत प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदासम्म जन्मेको पहिलो महिनाको रु.१०००.०० (एक हजार रुपैया) र त्यसपछि मासिक रु. ५००.०० (पाँचसय रुपैया) का दरले रकम उपलब्ध गराउनेछ। यसरी उपलब्ध गराउने रकम प्रदेश सरकारले आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम खातावालाको बैङ्क खातामा जम्मा हुने गरी मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ। यस्तो रकम मन्त्रालयले अग्रिम वा सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक गरी उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयबाट रकम प्राप्त गरी वा प्राप्त गर्ने गरी सम्बन्धित स्थानीय तहले दफा ३ को उपदफा (३) बमोजिम सेवा प्रदायक संस्थाबाट प्राप्त विबरण अनुसारका खातावालाको बैङ्क खातामा उपदफा (१) बमोजिम हुने गरी नियमित रुपमा जम्मा गरिदिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम मन्त्रालयबाट सम्बन्धित स्थानीय तहले रकम प्राप्त गर्ने विधि (अग्रिम वा सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक) मन्त्रालय र सम्बन्धित स्थानीय तहबीचको समन्वयबाट निर्धारण गर्न सकिनेछ।

(५) यस कार्यविधि बमोजिम खोलिएको बैङ्क खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन्।

सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

Scanned by CamScanner

(६) उपदफा (१) बमोजिमको रकम एक दम्पतीको बढीमा दुई छोरीलाई मात्र उपलब्ध गराइने छ। तर संरक्षकको संरक्षणमा रहेका छोरीहरुको लागि यो सीमा लागु हुने छैन।

(७) देहायको अवस्थामा उपदफा (१) बमोजिमको रकम खातावालालाई उपलब्ध हुने छैन :

(क) छोरीको उमेर २० (बिस) वर्ष पुगेमा वा

(ख) कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बीचैमा छोडेमा वा

(ग) उमेर २० (बिस) वर्ष नपुग्दै बिवाह गरेको अवस्थामा ।

(८) उपदफा (७) अनुसारको अवस्था भएमा त्यस्तो जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ। सम्बन्धित स्थानीय तहले यसरी जानकारी प्राप्त हुन आएमा वा अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत अभिलेख व्यवस्थित गर्नु पर्नेछ।

५. खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था: (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा सम्वन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाबीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ।

(३) सम्झौता बमोजिम खातावालालाई नगद बाहेकका जिन्सी सामग्री वा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्ने अवस्थामा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी निश्चित विधि अपनाई त्यस्ता सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

६. खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्था: (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले विस वर्ष पुरा भएको र माध्यामिक शिक्षा पुरा गरेको प्रमाण सहितको निवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ। सम्बन्धित स्थानीय तहबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) यस कार्यक्रममा आवद्ध खातावालाको खातामा दफा (४) को उपदफा (७) अनुसारको अवस्थामा समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजलाई भुक्तानी दिइने छैन।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (१) र (२) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा जनाई सो को जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको माध्यमिक शिक्षा पुरा नहुँदै पनि खातामा रहेको रकम भुक्तानीको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछ। सम्बन्धित स्थानीय तहले बुझ्दा सो व्यहोरा पुष्टि हुन आएमा मन्त्रालयको सहमति लिई खाताको समयावधि समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित खातावालालाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउने छ । यसरी

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव



Scanned by CamScanner

जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकलाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

क) खातावाला छोरीको मृत्यु भएमा वा

ख) असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भइ सोही कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा वा

ग) अभिभावक वा संरक्षक (व्यक्ति संरक्षक भएको अवस्थामा) को मृत्यु भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन वा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा ।

(५) खाताको समयावधि समाप्त हुनु अगावै उपदफा (४) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन । तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाताको समयावधि सम्म रकम निरन्तर जम्मा भईरहनेछ।

(६) उपदफा (४) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुठ्ठा वा किर्ते ठहरिएमा सम्बन्धित स्थानीय तहले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ ।यस्तो अवस्थामा खाता खोलिने छैन। खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिने छैन। यसरी झुठ्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

(७) उपदफा (२) र (६) बमोजिम सम्बन्धित खातावालालाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट सम्बन्धित स्थानीय तहले फिर्ता लिइ सोही कर्यक्रममा खर्च हुने व्यबस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-३

## सेवा प्राप्ती सम्बन्धी व्यवस्था

७. सेवा प्राप्त गर्नेः (१) सम्बन्धित स्थानीय तहले आफ्नो बैङ्किङ्ग कारोबार गरिरहेको सेवा प्रदायक संस्थासँग अनुसूची -३ मा उल्लिखित विषयहरु समेत समेटिने गरी सम्झौता गरी कार्यक्रम अन्तर्गत खाता सञ्चालनको सेवा प्राप्त गर्नेछन्।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदायक संस्थासँग सेवा प्राप्त गर्न सक्ने अवस्था नभएमा सम्बन्धित स्थानीय तहले अन्य सेवा प्रदायक संस्थासँग समेत सेवा प्राप्त गर्न सक्नेछन्।

८. सम्झौता रद्द हुनेः (१) दफा ७ बमोजिम स्थानीय तह र सेवा प्रदायक संस्थाबीच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछः-

(क) सेवा प्रदायकले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा।

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराइ सम्झौता रद्द गर्न सकिने छ।

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner

(ग) प्रदेश सरकारबाट कार्यक्रम खारेज गरिएमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा मन्त्रालयसंग समन्वय गरी सम्बन्धित स्थानीय तहले कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क) र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ।

## परिच्छेद-४

## विविध

९. अभिलेख तथा प्रतिवेदनः (१) सम्बन्धित स्थानीय तहले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभूत अभिलेख अनुसूची -४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ। यसरी अद्यावधिक गरेको विवरण प्रत्येक महिना मन्त्रालयमा पठाइ आफ्नो वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नु पर्नेछ।

(२) मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध छोरीको प्रदेशभरको एकिकृत अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) कार्यक्रमको सञ्चालन, प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नको लागि मन्त्रालयले व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ।

१०.अनुगमन, मुल्याङ्कन तथा निर्देशनः (१) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्बन्धित स्थानीय तहको हकमा सोही स्थानीय तहले र समग्र रुपमा मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत गर्न सक्नेछ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रम सञ्चालनका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

११.कार्यक्रमको समन्वय तथा खर्च व्यवस्थापनः (१) कार्यक्रमको सञ्चालन प्रदेश सरकार, स्थानीय तह र अन्य सम्बन्धित निकायसंगको समन्वयबाट हुनेछ। यस्तो समन्वय मन्त्रालयले गर्नेछ।

(२) कार्यक्रम सञ्चालनका क्रममा अनुसूचीहरुको तयारी तथा यस्तै प्रकारको अन्य सामान्य खर्च व्यवस्थापनको लागि मन्त्रालयले केही रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउन सक्नेछ।

१२.लेखा परीक्षणः यस कार्यक्रमको लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

१३.अधिकार प्रत्यायोजनः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालयलाई प्राप्त अधिकार मन्त्रालयले मातहत निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

१४.बाधा अड्काउ फुकाउ तथा संशोधनः (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाइ कार्यक्रम सुचारु गर्न सक्नेछ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा प्रदेश सरकारबाट संशोधन हुनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

...व सचिव

Scanned by CamScanner

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

आवद्धताका लागि स्थानीय तहमा दिने निवेदनको ढाँचा

| छोरीको फोटो | अभिभावक वा संरक्षकको फोटो |
|---|---|

मितिः..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

.................................. नगर/गाउँ कार्यपालिकाको कार्यालय,

कर्णाली प्रदेश, सुर्खेत।

विषयः- कार्यक्रममा आवद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रममा सहभागी हुन मञ्जुर भइ आवद्धताका लागि यो निवेदन गरेको छु ।

छोरीको नाम : ........................................

जन्म मिति : ........................................

जन्म दर्ता नम्बर ........................................

जन्म दर्ता मिति ........................................

बाबुको नाम : ........................................

आमाको नाम : ........................................

बाजेको नामः ........................................

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

१. म छोरी पढाउने र कम्तिमा माध्यमिक शिक्षा पुरा गराउने प्रतिबद्धता व्यक्त गर्दछु ।

२. प्रचलित कानूनको अधिनमा रही छोरीको उमेर २० वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।

३. कार्यक्रमका शर्त, नियम तथा निर्देशन र प्रतिबद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दाबी गर्ने छैन ।

४. म छोरा र छोरीबीच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्नेछैन ।

सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत, नेपाल

प्रमुख सचिव

Scanned by CamScanner

५. यो कार्यविधि बमोजिमको अवधि वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्ज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

६. उपरोक्त शर्तहरु पुरा नभएको अवस्थामा कार्यक्रम अन्तरगत मन्त्रालयले उपलव्ध गराईएको बैङ्क खाता रोक्का गर्न वा खाता बन्द गरी सो खातामा भएको सम्पूर्ण रकम फिर्ता गर्ने सहमती व्यक्त गर्दछु ।

आवेदनमा पेश भएको ब्यहोरा र कागजातहरु साँचो हुन् । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदक**

हस्ताक्षरः-

नामः-

ठेगानाः-

मितिः-

**पेश गर्नुपर्ने कागजातहरुको विवरण**

१. छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

२. अभिभावकमध्ये एक वा दुवै जनाको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. छोरीको पासपोर्ट साइजको फोटो थान - ६

४. अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान - ६

५. वैकल्पिक स्याहारमा रहेको छोरीको हकमा संरक्षण गर्ने संस्थाले संरक्षकत्व ग्रहण गरेको अवस्थामा संरक्षकत्व गरेको प्रमाणको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

६. व्यक्ति संरक्षक भएको अवस्थामा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि।

७. अस्पताल वा स्वास्थ्य केन्द्र वा तालिम प्राप्त सुँडेनीको सेवाबाट प्रसुती भएको भए सम्भव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि।

**कार्यालय प्रयोजनका लागी**

दर्ता मिति ........................... व्य.सू.प्र.को कोड ...........................

कार्यक्रममा आवद्ध गराउने निर्णय भएको मिति...........................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः

नामः

दर्जाः

मितिः

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव



Scanned by CamScanner

अनुसूची - २

(दफा ३ को उपदफा (२) संग सम्बन्धित)

खाता खोल्नको लागि स्थानीय तहले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

.........................नगरपालिका/गाउँपालिका

नगर/गाँउ कार्यपालिकाको कार्यालय

....................

श्री प्रवन्धकज्यू,

............................बैङ्क

..................कर्णाली प्रदेश।

मितिः............

विषयः- खाता खोलिदिने बारे ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलिदिनुहन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ । निजहरुको खाता खोली खाता नंबर सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

देहायः

| क्र.सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

दस्तखतः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner

अनुसूची- ३

(दफा ७ संग सम्बन्धित)

<u>सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाबीच हुने सम्झौतामा खुलाउनु पर्ने विषयहरु</u>

१. सम्झौताको अवधिः कार्यविधि बमोजिम रद्द नहुँदासम्म।

२. खाता खोल्दा न्यूनतम मौज्दातः शुन्य मौज्दात।

३. व्याजदरः नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको सीमाभित्र दिन मिल्ने उच्चतम दर।

४. बीमाः कार्यक्रम अन्तर्गत खोलिएका खातामा रहेको बचत रकम कुनै पनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था।

५. थप बोनस वा अन्य कुनै लाभः खातामा मौज्दात रहने रकमको व्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ।

६. नगद वा सामग्री सहयोगः सेवा प्रदायक संस्थाले अध्ययनरत छोरीहरुको लगि उपलब्ध गराउन सक्ने छात्रबृत्ति (नगद वा सामग्री)।

७. सेवा शुल्कः रकम जम्मा गर्ने/झिक्ने लगायतका अन्तर बैङ्क सेवा लिँदा शुल्क नलाग्ने व्यवस्था।

८. सुरक्षित लगानीः बैङ्कले नै मुनाफा हुने क्षेत्रमा लगानी गरी खातामा रकम बढाइदिने व्यवस्था।

९. सूचना आदान प्रदान तथा खातामा रकम जम्मा सम्बन्धीः बैङ्कले खाता खुलेको जानकारी लगायतका सूचना सम्बन्धित स्थानीय तहलाई समयमै उपलब्ध गराउने र सम्बन्धित स्थानीय तहले नियमित रुपमा रकम जम्मा गर्नुपर्ने।

१०. अन्य विषयहरुः

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner

अनुसूची - ४

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

<u>सम्बन्धित स्थानीय तहले राख्ने अभिलेखको ढाँचा</u>

..........................नगरपालिका/गाँउपालिकामा

नगर/गाँउ कार्यपालिकाको कार्यालय

......................

| क्र.सं. | खातावाला छोरीहरुको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | बाबु र आमाको नाम | अभिभावक वा संरक्षकको नाम | ठेगाना | खाता खोलेको मिति | खाता खोलेको बैङ्कको नाम | बैंक खाता नंबर | खाताको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner